## प्रश्न नं. ५४

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ६४६६ देखि ६५८७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

प्रेमकुमार शर्मा ठाकुर समेतको जाहेरीले वादी नेपाल सरकार
विरुद्ध
पर्सा जिल्ला बीरगंज महानगरपालिका वडा नं.३ मा वस्ने ओमनारायण ठाकुर
मुद्दा : ज्यान सम्बन्धी कसुर गरेको

(१) जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.३ स्थित पुर्व उपेन्द्र यादवको घर पश्चिम राममणी यादवको घर, उत्तर बाटो तथा दक्षिण राममणी यादवको खाली जग्गा यति चार किल्लाभित्रमा खपडाको छाना माटोको देवाल भएको ओमनारायण ठाकुरको घर रहेको । सो घरको पश्चिमतर्फको उत्तर साइडमा ढोका भएको कोठा निज ओमनारायण ठाकुरसमेतले गर्भवति सिमादेवीलाई मिति २०७५।०८।०१ गते बिहान ६ बजेको समयमा आगो लगाई जलाएको भन्ने **घटनास्थल मुचुल्का ।**

(२) पर्सा जिल्ला बीरगंज महानगरपालिका वडा नं.३ निवासी ७ महिनाको गर्भवती भएकी वर्ष २२ की सिमादेवी ठाकुरलाई निजकै पति ओमनारायण ठाकुरसमेतका घर परिवारले आगो लगाई जलाई घाइते बनाई भागी फरार भएको, सोही आगोको पोलाइको कारणबाट मिति २०७५।०८।०१ गते राति निजको गर्भमा रहेको ७ महिनाको बच्चा मृत अवस्थामा जन्मिएकोमा मेरो भाउजु सविता देवीले निवेदन दिई सद्गतको लागि उक्त बच्चाको लास जिम्मा लिइसकेको, सो मितिमा घाइते बहिनीले घटना विवरण कागजसमेत गरी दिई घाइतेलाई नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुन नसकी थप उपचारको लागि भारत पटना स्थित मेडिकल कलेजमा लगी उपचार गराई रहेको अवस्थामा मिति २०७५।०८।५ गते निज बहिनी सिमादेवी ठाकुरको मृत्यु भएकोले ७ महिनाको गर्भवती भएकी मेरी बहिनीको शरीरमा आगो लगाई जलाई कर्तव्य गरी मारेकोले निज ओमनारयण ठाकुरसमेतका घर परिवारलाई खोजतलास पक्राउ गरी कारबाही गरी मृतक बहिनीको लास कानुनबमोजिम सदगदको लागि जिम्मा पाउ भन्नेसमेत बेहोराको मिति २०७५।०८।०५ को प्रेमकुमार शर्मा लोहारको **जाहेरी दरखास्त ।**

(३) जिल्ला पर्सा वीरगंन्ज उपमहानगपालिका वडा नं.३ स्थित पुर्व पश्चिम उत्तर दक्षिण चारैतिर नारायणी उपक्षेत्रीय अस्पतालको पर्खाल यति चार किल्लाभित्र रहेको नारायणी उपक्षेत्रीय अस्पतालको शव गृहमा उत्तर टाउको दक्षिण खुट्टा रही उत्तानो अवस्थामा सिमावेदीको मृतक पुरुष जातक बच्चाको नाङ्गो लास रहेको, लासको दुवै आखा बन्द, घाँटी छाती, पेट सामान्य वायाँ हातको पाखुरामा छाला खुइलिएको भन्नेसमेत बेहोसमेत ७ महिनाको पुरुष जातक बच्चाको **लास जाँच मुचुल्का ।**

(४) जिल्ला पर्सा वीरगंन्ज उपमहानगपालिका वडा नं. ३ स्थित पुर्व पश्चिम उत्तर दक्षिण चारैतिर नारायणी उपक्षेत्रीय अस्पतालको पर्खाल यति चार किल्लाभित्र रहेको नारायणी उपक्षेत्रीय अस्पतालको शव गृहमा

## प्रश्न नं. ५४

सिमादेवी ठाकुरको पश्चिम टाउको पुर्व खुट्टा रही उत्तानो अवस्थामा मृतक लास रहेको, सो लासलाई निलो रङ्गको कपडाले बेरेको अवस्थामा रहेको सो कपडा हटाई हेर्दा पहेलो प्लाष्टिकभित्र बरफ र मृतक लास रहेको प्लाष्टिक खोली हेर्दा मृतकको टाउकोको कपालबाहेक हन्य शरीरका सबै अङ्गहरु आगोले जलेको, दुवै आँखा अर्ध खुल्ला, दात चार वटा देखिएको दुवै हात सिधा, दुवै खुट्टा सिधा , कपालको रङ्ग कालो, लासको शरीर आगोले जलेर सबै ठाउँमा घाउजस्ते रहेको भन्नेसमेत बेहोराको **मृतक सिमावेवीको लासजाँच मुचुल्का ।**

(५) मृतक सिमावेवीको मृत्यु आगोले जलेको कारणबाट भएको भन्ने बेहोराको **पोष्टमार्टम प्रतिवेदन ।**

(६) एक वर्ष अगाडी पर्सा जिल्ला बीरगंज महानगरपालिका वडा नं.३ निवासी ओमनारायण ठाकुरसँग विवाह भएको थियो । विवाह पश्चात घरपरिवारले दाइजोको निहुमा दिनहु झगडा गरी सबै घर परिवारका मानिसहरु मिलि मट्टीतेल शरीरभरी छरी मेरो शरीरमा आगो लगाई दिएकोले मेरो अनुहार मुनी पुरै शरीको भाग जलेको अवस्थामा तत्काल छरछिमेकका मनिसहरुले भनेअनुसार सासु सुराले उपचारको लागी भारत रक्सौल स्थित डंकन अस्पतालमा उपचारको लागी लगेको र सो आगोको पोलाइबाट मेरो पेटमा भएको ७ महिनाको बच्चापनि मृत अवस्थामा अस्पतालमा जन्मीएपछि मेरो सासु ससुराले मलाई तेही छोडी भागेको र सो घटनाबारे दाई भाउजुले थाहा पाई वीरगन्ज स्थित नारायणी उपक्षेत्रीय अस्पतालमा ल्याई उपचार गरिरहेको छु भनि घाइते सिमादेवी ठाकुरले मिति २०७५।०८।०१ गते गरेको **घटना विवरण कागज ।**

(७) मिति २०७५।०८।०१ गते बिहान मेरो सौतेनी आमाले श्रीमती सिमादेवीको शरीरमा मट्टीतेल छर्की दिएको र मैले सलाई कोरी शरीरमा आगो लगाई दिएको बुबा भाई बहिनीसमेतले घेरछेक गरी भाग्न उम्कन नदिई आगो लगाई जलाई घाइते बनाई बेहोस भएकीले बुबा र सौतेनी आमाले तिमिहरु भाग प्रहरी आउन सक्छ , हामी बुढाबुढी उपचार गर्ने बहानामा भारत लानछौ , मर्‍यो भने त्यतैतिर फाली दिन्छौ भनेकोले हामीहरु तत्काल भागी फरार बसेकोले श्रीमतीको उपचारको क्रममा मृत अवस्थामा बच्चा जन्मीएको र निजको पनि उपचार हुदाहुदै मृत्यु भएको कुरा पछि सुनी थाहा पाएको हुँ। श्रीमतीलाई मार्नु पर्ने कारण दाइजो हो भन्नेसमेत बेहोराको **प्रतिवादी ओमनारायाण ठाकुरको बयान कागज ।**

(८) प्रतिवदीहरुले उक्त कार्य कार्य मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(१०) प्रतिवादी ओमनारायण ठाकुरले सुरु अदालतमा गरेका बयान ।

(११) पर्सा जिल्ला अदालतबाट भएको फैसला ।

(१२) प्रतिवादी ओमनारायण ठाकुरले उच्च अदालत जनकपुर बिरगंज ईजलासमा दिएको पुनरावेदनपत्र ।